२६६

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३३०/२०७१/०७२

काठमाडौं नगरपालिका वडा नं. १३ कालिमाटी बस्ने शरद कुमार मिश्र ..............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौं ....................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौं ..........................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउने ।**

काठमाडौं महानगरपालिका वडा नं. १३ कालिमाटी बस्ने शरद कुमार मिश्रले जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।११ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, चागल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस जिल्ला शिक्षा कार्यालयले मेरो दरवन्दी सहितको सरुवा स्वीकृति भएको वा नभएको प्रमाणित रुपमा जानकारी दिनुहोला ।

२. मैले यस वर्षको श्रावण महिनादेखि हालसम्मको पारिश्रमिक रु. १७९०/९१ अक्षरेपी सत्रयस नब्बे र पैसा एकानब्बे मात्र प्राप्त गरेको छु । अन्य पारिश्रमिक मैले कुन कारणले नपाउने हो ? सो को प्रमाणित प्रतिलिपि रुपमा जानकारी दिनुहोला ।

३. मेरो हालसम्मको हाजिरीको प्रमाणित प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

राष्ट्रिय सूचना आयोग
२०६५

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।